# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको सूचना

नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने व्यवस्था रहेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ३२ को उपदफा (८) बमोजिम एकभन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्ति मध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाएको अवस्थामा सो दफाको उपदफा (९) बमोजिम उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरी सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा पठाएमा सोही दफाको उपदफा (११) बमोजिम सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा आवश्यक निर्देशन दिने प्रयोजनको लागि माननीय महान्यायाधिवक्ताले नेपालको संविधानको धारा १५८ को उपधारा (७) बमोजिम महान्यायाधिवक्ताको कार्यालयका वरिष्ठतम नायब महान्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन गर्नु भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**खगराज पौडेल**
**नायब महान्यायाधिवक्ता**